**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ३१ गते शनिबार ❑ 16 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'स्थानीय तहमा निमित्त राख्ने प्रवृत्ति अन्त्य गरिने'

**पोखरापत्र संवाददाता**
दमौली, ३० साउन

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले स्थानीय तह निमित्तको भरमा चलाउने प्रवृत्ति अन्त्य गरिने बताउनुभएको छ।

तनहुँको बन्दीपुर गाउँपालिकामा शुक्रबार आयोजित भेटघाट कार्यक्रममा उहाँले मन्त्रालयमा कर्मचारी जगेडामा बस्ने अनि स्थानीय तह निमित्तको भरमा चलाउने प्रवृत्ति अन्त्य गरिने प्रतिबद्धता जनाउनुभयो । मन्त्री न्यौपानेले भन्नुभयो, "स्थानीय तहमा निमित्त हटाउने अभियान सुरु भइसकेको छ । एक सय ७३ स्थानीय तह निमित्तको भरमा सञ्चालित



भएका रहेछन् । त्यसलाई सुधार गरिनेछ । अन्यभन्दा तराईमा बढी समस्या देखिएको छ । निमित्तलाई शून्यमा झारिनेछ ।" भनसुनका आधारमा कर्मचारी सरुवा वा बढुवा नहुने बताउँदै उहाँले नीतिगत रूपमा यसलाई सुधार गर्दै लैजाने उल्लेख गर्नुभयो । मन्त्रालयको काम सरुवा र बढुवामात्रै गर्ने हो कि भन्ने आभास आमजनतामा भइरहेको बताउँदै मन्त्री न्यौपानेले भन्नुभयो, "म मन्त्रालयको नीतिगत सुधारमा अगाडि बढेको छु। यसका लागि प्रधानमन्त्रीले सहयोग गर्ने वचन दिइसक्नुभएको छ ।" सुशासन कायम गराउँदै पारदर्शी सेवा प्रवाहमा सबै कर्मचारी, स्थानीय, सरोकार भएका निकायलगायतको सहयोग अपरिहार्य रहेकामा उहाँले जोड दिनुभयो । मन्त्री न्यौपानेले एक सय स्थानीय तहमा समयमै बजेट नआएकाले तीनवटा सहसचिवको नेतृत्वमा टोली खटाइएको जनाउँदै सहजीकरण र समन्वय भइरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "जनप्रतिनिधि र कर्मचारीको भागबण्डा नमिल्दा बजेट रोकिएको अवस्था रहेछ । त्यस्ता ठाउँमा बजेट ल्याउन सहजीकरण गरिएको छ।

केही पालिकाले बजेट ल्याइसकेका छन्, केही पालिकाले समय तोकेका छन् ।"

## मुस्ताङमा स्याउ टिप्ने कार्यतालिका सार्वजनिक

**रासस**
मुस्ताङ, २९ साउन

स्याउको राजधानीका रूपमा प्रख्यात मुस्ताङमा स्याउ टिप्ने (पोस्ट हार्भेस्ट) कार्यतालिका सार्वजनिक गरिएको छ । जिल्ला समन्वय समितिकी प्रमुख माया गुरुङको अध्यक्षतामा शुक्रबार यहाँ बसेको स्याउ टिप्ने जिल्लास्तरीय समन्वय बैठकले उक्त कार्यतालिका सार्वजनिक गरेको हो ।

जिल्लामा उत्पादन हुने स्याउको गुलियोपना कायम गर्न र गुणस्तर कायम गरी उपभोक्ताबीच पृथक किसिमको 'ब्राण्ड' र पहिचान स्थापित गर्ने उद्देश्यले स्याउ टिप्ने कार्यतालिका तय गरिएको जिल्ला समन्वय समितिले जनाएको छ । मुस्ताङका पाँच वटै गाउँपालिकाका अध्यक्ष तथा, जिल्लास्थित कृषि ज्ञान केन्द्र, शीतोष्ण बागवानी विकास केन्द्र (मार्फा), प्रधानमन्त्री कृषि आधुनिकीरकण परियोजना, परियोजना कार्यान्वयन एकाइ स्याउ जोन (मुस्ताङ), भेटेरिनरी अस्पताल



तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय कृषक, समूह, सहकारी र स्याउ फार्मका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायलगायत संयुक्त जिल्लास्तरीय समन्वयात्मक बैठकले तीन चरणमा स्याउ टिप्ने निर्णयसहित नयाँ ढाँचामा कार्यतालिका सार्वजनिक गरेको समितिकी प्रमुख गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार आसन्न हरितालिका तीज पर्वलाई लक्षित गर्दै उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) गाला जातको स्याउ आगामी भदौ ५ गतेदेखि टिपेर बजारीकरण गर्ने बैठकले निर्णय गरेको छ। हाइब्रिड किङरट जातको स्याउ आगामी भदौ १५ गतेदेखि तथा अन्य हाइब्रिड र स्थानीय जातका स्याउ भदौ २५ गतेदेखि टिप्ने निर्णय गरिएको प्रमुख गुरुङले जानकारी दिनुभयो । विगतका वर्षहरूमा यहाँ उत्पादित स्याउ कृषकको बगैँचाबाट आफूखुसी बजार पुऱ्याउने परिपाटीले स्याउको गुणस्तरमा ह्रास आएकाले कार्यतालिका बनाएर कार्यान्वयन गर्न लागिएको उहाँले बताउनुभयो । यसबाट कृषकलाई बजारीकरणमा सहज हुनुका साथै मूल्य समायोजनमा समस्या नहुने उहाँको भनाइ छ । "मुस्ताङको मुख्य पहिचान भनेकै स्याउ खेतीसँगसम्बन्धी रहेकाले यहाँको स्याउको गुणस्तर कायम गरी सहर, बजारका उपभोक्ता समक्ष लोकप्रियता बढाउन कार्यातालिका कार्यान्वयनमा लैजाने निर्णय भएको हो", गुरुङले भन्नुभयो ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङले चालु आव २०८२/८३ मा उत्पादन भइरहेको स्याउको बिक्री गर्ने समयसहित स्याउ टिप्ने कार्यतालिका निर्धारित गरिएको उल्लेख गर्नुभयो । यहाँको स्याउ परिपक्क भई पर्याप्त गुलियोपना भएपछि मात्रै टिपेर बजार पठाउँदा गुणस्तर र पहिचान जोगिने भएकाले जिल्लास्तरीय बैठकको निर्णयबमोजिम तीन चरणको कार्यतालिका बनाइएको उहाँको भनाइ छ । यसअघि केन्द्र र स्याउ जोन कार्यालयका प्राविधिकले स्थानीयस्तरमा स्याउको गुणस्तर तथा गुलियोपनाको प्राविधिक परीक्षण गर्दै आएका केन्द्रका प्रमुख गुरुङले उल्लेख गर्नुभयो । यस वर्ष कृषकको बगैँचामा पुगेर गाला र किङरट स्याउको गुणस्तर परीक्षण गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । सोही परीक्षणलाई आधार बनाएर सरोकार भएकाहरूसँग गरिएको छलफलपछि स्याउ टिप्ने कार्यतालिका सार्वजनिक गरिएको हो । विगतका वर्षहरूमा व्यापारीले स्याउको गुलियोपना नभर्रिँदै मुनाफाका लागि बजार पुऱ्याउने परिपाटीले मुस्ताङको स्याउमा उपभोक्ताले खोट लगाउने गरेकाले उक्त अवस्था अन्त्यका लागि नयाँ ढाँचा सार्वजनिक गरिएको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गर्नुभयो । "व्यापारीले जेठ-असारमै कृषकको बगैँचामा पुगेर बैनापट्टा गर्ने र चाडपर्वको अवसर पारेर स्याउ नपाक्दै बजार पुऱ्याउँने गरेकाले यहाँको स्याउको पहिचान खस्किएको हो", उहाँले भन्नुभयो । उच्च भेगमा रहेकाले मुस्ताङको स्याउ नेपालकै उत्कृष्ट मानिने भएकाले यसको गुणस्तर र पहिचान जोगाउन आवश्यक देखिएकपछि सरोकार भएकाहरूसँग बैठक बसेर कार्यतालिका बनाइएको केन्द्रका प्रमुख गुरुङले उल्लेख गर्नुभयो । मुस्ताङमा आव २०८१/८२ मा रु ९१ करोड ८६ लाख बराबरको स्याउ उत्पादन भएकामा रु ८२ करोड ६८ लाखको जिल्लाबाहिर पठाइएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रको तथ्याङ्कअनुसार गत आवमा यहाँ नौ करोड बराबरको स्याउ खपत भएको थियो ।

मुस्ताङका पाँच स्थानीय तहमा आठ सय ३० हेक्टर क्षेत्रफलमा स्थानीय जातका परम्परागत स्याउखेती विस्तार भएकामा पाँच सय ६६ हेक्टर क्षेत्रफलमा लगाइएको स्याउले उत्पादन दिने गरेको केन्द्रका प्रमुख गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार करिब ६० हेक्टरमा उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेती गरिएकामा ५० हेक्टर क्षेत्रफलमा उत्पादन भइरहेको छ । कृषि ज्ञान केन्द्रका अनुसार गतवर्ष जिल्लामा सात हजार ३२८ मेट्रिकटन स्याउ उत्पादन भएको थियो । त्यसमध्ये छ हजार ७८ मेट्रिकटन स्थानीय जातका र एक हजार २५० मेट्रिकटन हाइब्रिड स्याउ उत्पादन भएको थियो ।

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कास्कीको स्वीकृत कार्यक्रम सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन इकाई कास्कीले नीति तथा कार्यक्रम कार्यान्वयनका लागि समन्वय बैठक तथा आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रम सार्वजनिक गर्ने कार्यक्रम शुक्रबार सम्पन्न गरेको छ।

उक्त कार्यक्रमको उद्घाटन जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले गर्नुभएको थियो। उद्‌घाटन गर्दै प्रमुख पौडेलले उत्पादनमुखी, व्यावसायिक तथा आधुनिकीकरण कृषि प्रणालीको विकासमा ध्यान दिनु पर्ने उल्लेख गर्नुभयो। साथै, उहाँले वास्तविक किसानले राहत पाउने गरी कार्यक्रम कार्यान्वयन गर्न जोड दिनुभयो । उहाँले कास्कीलाई कृषिमा आत्मनिर्भर बनाउनेतर्फ सबैको ध्यान केन्द्रित गर्न आग्रह गर्नुभयो । पौडेलले व्यावसायिक युवा सहित कृषकहरूको संरक्षण दिगोपनाका लागि युवा-केन्द्रित कृषि नीतिलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । सरकारको लक्ष्य पूरा गर्न सबै पक्षबीचको सहकार्य र समन्वय थप घनिभूत हुनुपर्ने उहाँको भनाइ थियो । बिषादी सचेतना कार्यक्रमलाई व्यापक बनाउन र प्राङ्गारिक कृषि प्रविधिको प्रवर्द्धनमा ध्यान दिनुपर्ने पौडेलले बताउनुभयो। कार्यक्रममा



कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले विगत वर्षमा देखिएका कठिनाइ र समस्या समाधान गर्दै नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो। शर्माले कृषि क्षेत्रमा लागेका युबाहरूको निरन्तरता का लागि मनोबल उच्च बनाउनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो । सो अवसरमा रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, जिल्ला समन्वय अधिकारी नवराज बराल, पोखरा महानगरपालिकाका आर्थिक महाशाखा प्रमुख मनोहर कडरिया, पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतम , तरकारी सुपरजोनका संयोजक कृष्णप्रसाद सुवेदी, जिल्ला वन कार्यालय कास्कीका प्रमुख कोमलराज काफ्ले, कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख किरण सिग्देल तथा संचारकर्मीहरू रामचन्द्र बराल र कमल पौडेल अथक लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कास्कीका कार्यालय प्रमुख माधव लम्सालले आर्थिक वर्ष २०८२/८३ का स्वीकृत कार्यक्रमहरूको विवरण प्रस्तुत गर्दै कार्यान्वयनका रणनीतिबारे प्रकाश पार्नुभएको थियो। साथै, आर्थिक वर्ष २०८१/८२ का कार्यक्रम तथा योजनाहरूको समीक्षा समेत गरिएको थियो । नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको नाम संशोधन गर्दै चालू आर्थिक वर्षदेखि यसलाई "राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम" नामकरण गरेको हो। कार्यक्रममा कास्कीस्थित सरोकारवाला कार्यालयका प्रमुखहरू, कृषक प्रतिनिधिहरू र संचारकर्मीहरूको उपस्थिति रहेको कार्यक्रमका सामाजिक विकास विज्ञ गोविन्द श्रेष्ठले जानकारी दिनुभयो । कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

**युवा सशक्तिकरण गरौं ।**

**युवा सशक्तिकरण किन:**

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न.
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**सुपथ मूल्यमा आकर्षक छपाइ**

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा बीवाईडीको नयाँ सोरुम, 'सिलायन-७' पहिलो पटक लञ्च

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पोखराको बुद्धचोकमा विद्युतीय गाडी ब्रान्ड बीवाईडीको नयाँ सोरुम सञ्चालनमा आएको छ । शुक्रबार पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले उक्त सोरुमको उद्घाटन गरेका हुन् ।

नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले सो अवसरमा अत्याधुनिक विद्युतीय एसयूभी 'सिलायन-७' पोखरामा पहिलो पटक सार्वजनिक गरेको छ । अब पोखरेली उपभोक्ताले पोखराबाटै सिलायन-७ सहित बीवाईडीका सम्पूर्ण मोडेलका गाडीहरु खरिद गर्न सक्ने बताउदै कम्पनीका




अध्यक्ष अनिल श्रेष्ठले यहाँ सर्भिस सेन्टरबाट धेरै सुविधा हुने जनाए । आधुनिक र फ्यूचरिस्टिक डिजाइनमा तयार सिलायन-७ मा क्लोज्ड अफ ग्रिल, एग्रेसिभ कट र क्रिज लाइनसहितको फ्रन्ट बम्पर, १९ इन्चको ड्युअल टोन अलोय ह्विल, फ्लस टाइप डोर ह्यान्डल र ब्ल्याक रग्ड क्लेडिङ जस्ता बाहिरी विशेषता रहेका छन् । गाडीमा ५८ लिटरको फ्रन्ट ट्रंक र ५२० लिटरको बुट स्पेस छ, जसलाई पछाडिको सिट फोल्ड गरी विस्तार गर्न सकिन्छ ।

इन्टेरियरतर्फ १५।६ इन्चको रोटेबल टचस्क्रिन, १०।२५ इन्चको डिजिटल ड्राइभर डिस्प्ले, १२ स्पिकर साउन्ड सिस्टम, प्यानोरोमिक सनरुफ, हेड-अप डिस्प्ले, हिटिङ र भेन्टिलेसनसहितका सिट, ५० वाट वायरलेस चार्जर, पावर्ड टेलगेट र कनेक्टेड कार टेकजस्ता फिचरहरू रहेका छन् ।

सुरक्षाका लागि ११ वटा एयरब्याग, ३६० डिग्री क्यामेरा, टायर प्रेसर मोनिटरिङ सिस्टम, फ्रन्ट तथा रियर पार्किङ सेन्सर जस्ता सुविधा दिइएका छन् ।

बीवाईडी सिलायन-७ को मूल्य ७४ लाख ९९ हजार रुपैयाँ तोकिएको भए पनि अर्ली बर्ड अफरअन्तर्गत हाल ७२ लाख ९९ हजार रुपैयाँमा बिक्री भइरहेको कम्पनीले जनाएको छ ।

# श्रीकृष्ण प्रणामी मन्दिर रत्नचोकमा आयोजित श्रीमदवीतक सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पोखराको रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चा सम्पन्न भएको छ । गत असार ३१ गते देखि सुरु भएको श्रीमदवीतक चर्चा तथा श्रीकृष्ण कथा प्रवचन कार्यक्रम शुक्रबार एक समारोहका बीच सम्पन्न भएको हो ।

सो अवसरमा वोल्दै श्रीकृष्ण प्रणामी सेवा समितिका केन्द्रिय सदस्य तथा श्रीकृष्ण प्रणामी मन्दिर रत्नचोकका निवर्तमान अध्यक्ष पुरुषोत्तम रेग्मीले एक महिने श्रीमदवीतक चर्चा सभ्य र भव्य रुपमा सम्पन्न भएको बताए । श्रीमदवीतक चर्चामा प्रमुख बाचिकाको रुपमा साध्वी उर्वशी माताले सरल रुपमा बुझ्ने तरिकाले प्रवचन प्रदान गरेर भक्तजनहरुलाई मोहित पारेको बताए । श्रीमदवीतक समापन संगै श्रीकृष्ण पारायणका लागि समेत सम्पूर्णको साथ र सहयोग आवश्यक पर्ने उनको भनाइ रहेको थियो ।

त्यस्तै श्रीकृष्ण प्रणामी सेवा समिति कास्कीका अध्यक्ष कृष्ण ढुंगानाले श्रीमदवीतक चर्चामा सुनेका कुरालाई ब्यवहारमा उतार्न सके जीवन सफल हुने बताए । त्यस्तै पूर्व अध्यक्ष लिलाम्बर सापकोटाले विगतका वर्षहरुमा जस्तै श्रीमदवीतक चर्चा यसपटक पनि सभ्य र भव्य ढंगले सफल भएको बताए । श्रीमदवीतक संगै श्रीकृष्ण प्रणामी मन्दिरमा १२ महिना विभिन्न




कार्यक्रमहरु सञ्चालन हुँदै आएको समेत उनले बताए । त्यस्तै समितिका सल्लाहकार विष्णु पहारीले श्रीमदवीतक चर्चा सफल बनाउन सम्पूर्णको साथ र सहयोग रहेको र यसलाई निरन्तरता दिन सम्पूर्णलाई आग्रह गरिन । समिति का पुर्व अध्यक्ष बलराम सुवेदीले श्रीमदवीतक चर्चा कार्यक्रम भव्य र सभ्य तबरले सम्पन्न भएको र आगामी दिनमा आयोजना हुने जुनसुकै कार्यक्रममा पनि आफ्नो साथ र सहयोग रहने प्रतिवद्धता ब्यक्त गरे ।

कार्यक्रम संयोजक केशब बरालले एक महिना सम्म सम्पन्न श्रीमदवीतकमा सवैले बुझ्ने गरी साध्वी उर्वशी माताले प्रवचन प्रदान गरेको र आफुहरुले सहज रुपमा बुझ्ने मौका पाएको बताए । त्यस्तै बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुलीले सम्पूर्णको साथ र सहयोगमा कार्यक्रम सम्पन्न गराउन सफल भएको बताइन । आगामी दिनमा पनि सम्पूर्णको साथ र सहयोग पाउनेमा आफु विश्वस्त रहेको उनको भनाइ थियो ।

युवा परिषदका अध्यक्ष तोयानाथ सापकोटाले श्रीमदवीतकमा सिकेका कुरालाई ब्यवहारमा उतार्न आवश्यक रहेको बताए । श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्रीकृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले एकमहिने श्रीमदवीतक चर्चा कार्यक्रम सफल बनाउन गठन गरिएको विभिन्न उपसमितिहरुकै कारण कार्यक्रम सफल भएको बताए । आगामी दिनमा आयोजना गरिने कार्यक्रममा समेत सम्पूर्णको साथ र सहयोग आवश्यक रहने बताउदै ढकालले कार्यक्रममा प्रवचन प्रदान गर्ने उर्वशी माता, बाध्यवादनमा साथ दिने कलाकारलाई समेत धन्यवाद ब्यक्त गरे ।

यसैविच श्रीकृष्ण जन्माष्टमीको दिन शनिवार बिहान श्रीकृष्ण प्रणामी मन्दिर परिषरमा रक्तदान कार्यक्रम र सांझ श्रीकृष्ण प्रकाट्य उत्सवको आयाजना गरिने समितिका सचिव लक्ष्मण बरालले बताए ।

# अन्तर्राष्ट्रिय म्याराथन धावक कुसाङ गुरुङद्वारा पर्वतीय दौडको प्रथम पुरस्कार प्रायोजन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

अन्तर्राष्ट्रिय म्याराथन धावक तथा सहारा यूकेका पूर्व अध्यक्ष ल्याफ्टेनेन्ट (अ.प्रा.) कुसाङ गुरुङले दोस्रो पर्वतीय दौड प्रतियोगिता २०८२ को खुलातर्फको प्रथम पुरस्कार प्रायोजन गर्नु भएको छ । पर्वत जिल्ला खाल्टेमा जन्मनु भएका गुरुङले प्रथम पुरस्कार ५० हजार रुपैयाँ पोखरा क्लिकलाई उपलब्ध गराउने सम्झौता शुक्रबार एक समारोहका बीच सम्पन्न भएको हो ।

उक्त सम्झौता सहारा क्लबका पूर्व अध्यक्ष विक्रम थकाली र प्रतियोगिताका संयोजक दीननाथ बराल बीच आदानप्रदान गरिएको छ । बेलायतमा रहेर पनि जन्मभूमि र खेल पर्यटन प्रवर्द्धनमा निरन्तर सक्रिय गुरुङले प्रतियोगिताको सफलताको शुभकामना दिँदै प्रतियोगितालाई दिगो रूपमा आयोजना गर्न सुझाव दिनुभयो । "कामको सिलसिलामा विदेशमा भए पनि जन्मभूमि र खेल पर्यटनको विकासमा योगदान दिन पाउँदा खुसी लागेको छ," गुरुङको भनाइ थियो । पूर्व अध्यक्ष थकालीले गुरुङको सहयोगलाई ' प्रशंसनीय र प्रेरणादायी' भन्दै खेलकुदमार्फत् अन्तर्राष्ट्रियस्तरमा नेपालको नाम उच्च राख्न गुरुङको योगदान अविस्मरणीय रहेको बताउनु भयो । प्रतियोगिताका संयोजक बरालले विदेशबाटै पहिलो पटक प्रथम पुरस्कार प्रायोजन भएकाले थप प्रोत्साहन मिलेको बताउनु भयो । उहाँले अघिल्लो वर्षको तुलनामा पुरस्कार राशिमा दोब्बर वृद्धि भएको र बाँकी पुरस्कार प्रायोजनका लागि विभिन्न संघ-संस्थालाई आह्वान गरेको पनि बताउनु हुन्छ । सम्झौता हस्तान्तरण कार्यक्रममा सहारा क्लबका अध्यक्ष केशवराज बराल, पोखराका अग्रज फोटो पत्रकार सुर्दशन रञ्जितकोसमेत सहभागिता रहेको थियो ।



लेफ्टेनेन्ट कुसाङ गुरुङ मलेसियाको माउन्ट किनाबालु अन्तर्राष्ट्रिय क्लाइमाथन तीन पटक लगातार जित्ने कीर्तिमानका साथै एभरेष्ट म्याराथनलगायत थुप्रै प्रतिष्ठित दौडमा नेपालको नाम उजागर गर्न सफल हुनुभएको थियो । पिता दिलबहादुर गुरुङ र माता धनसिरी गुरुङको कोखबाट पहिलो सन्तानका रूपमा जन्मिनु भएको कुसाङ कुमार गुरुङ प्रारम्भिक बाल्यकालदेखि नै भद्र, शालीन र आज्ञाकारी स्वभावका हुनुहुन्थ्यो । उहाँले प्रारम्भिक शिक्षा जनज्योति निम्न माध्यमिक विद्यालयबाट सुरु गरी माध्यामिक तह त्रिशहीद माध्यमिक विद्यालय, पञ्चमूल, स्याङ्जाबाट पूरा गर्नुभएको हो । सन १९८३ मा बेलायती सेनामा भर्ती भई टीडीबीजीको आधारभूत तालिम सकेपछि २/२ गोर्खा राइफल्समा नियुक्त हुनु भएको गुरुङले सन् १९८९ मा उत्कृष्ट एनसीओको रूपमा "प्यारिस ट्रफी" प्राप्त गर्नुभयो । सन १९९४ मा दोस्रो र छैटौं गोर्खा राइफल्सको समिश्रण भएपछि उहाँ पहिलो रोयल गोर्खा राइफल्समा परिणत हुनुभयो । प्रशिक्षकका रूपमा उत्कृष्ट योगदानका लागि १९९५ र १९९६ मा लगातार दुई वर्ष "कमाण्डर ट्रफी" बाट विभूषित हुनुभयो । फकल्यान्ड आइल्यान्डमा तैनाथ हुँदा उत्कृष्ट कार्यका लागि उहाँलाई "कमाण्डर फकल्यान्ड आइल्यान्ड कमेन्डेसन" बाट उहाँको कार्यको उच्च प्रशंसा गरिएको थियो ।

सेनाको आदेशपालन र नेतृत्व क्षमताका कारण पल्टनका आर एसएम हुँदा नै २००२ मा महारानी एलिजावेथ द्वितीयबाट लेफ्टेनेन्ट पदमा पदोन्नति प्राप्त गर्नु भएको उहाँले २४ वर्षको अनुकरणीय सेवा पूरा गरी अवकास प्राप्त गर्नु भएको हो । सन् १९९१-१९९३ मलेसियाको "कोटा किनाबालु धावन प्रतियोगिता" लगातार तीन वर्ष जित्ने कीर्तिमान (गिनिज वर्ल्ड रेकर्ड) कायम गर्नुभएका गुरुङ ब्रिटिस फोर्सेस हङकङ क्रस कन्ट्री १० पटक भन्दा बढी विजेता हुनुभएको थियो । उहाँले ब्रिटिस फोर्सेस रोड रेस विजेता, ब्रिटिस आर्मी क्रस कन्ट्री समूह स्वर्ण पदक, ब्रिटिस आर्मी एथलेटिक समूह स्वर्ण पदक, हङकङ "फोर पिक रेस" कीर्तिमानी समयसहित स्वर्ण पदक, अन्तर्राष्ट्रिय एभरेस्ट म्याराथन रजत पदक, १२ म्याराथन र २३ हाफ म्याराथन पूरा गर्दै समाजसेवामा सक्रिय गुरुङ विभिन्न प्रतिष्ठित संस्थामा आवद्ध हुनुहुन्छ । उहाँ सहारा यूके, चार भञ्ज्याङ तमु समाज यूके, एनआरएन यूके, क्याम्बर्ली नेपालीज गोर्खा सोसाइटी, पर्वत वेलफेयर सोसाइटीको सल्लाहकारसमेत रहनुभएको छ । गोर्खा कप, नेपाली मेला, ल्होछार महोत्सवदेखि तमु प्रतिष्ठानका परोपकारी भोजसम्म उहाँले निरन्तर सक्रिय भूमिका निर्वाह गर्दै आउनु भएको छ ।

उक्त प्रतियोगितालाई सफल पार्न विश्व शान्ति स्तुपः समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्ध पार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखरा लेकसाइडको मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुइट्स,, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्, परिचय एड्भर्टाइजिङ, पुइमे फाष्ट फुड एण्ड बार लगायतको सहयोग रहेको छ ।

प्रतियोगितालाई नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन गरेका छन । प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय र पोखरा महानगरपालिका २२ को सहकार्य रहेको प्रतियोगिताको मेडिकल पार्टनरमा नेलम्बो नेपाल, अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन जोडिएको छ । आधिकारिक ड्रिङ्किङ वाटरका रूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ । साथै नेलम्बो नेपालले तेस्रो पुरस्कार समेत प्रायोजन गरेको छ । प्रतियोगितामा खुलातर्फ प्रथम हुने धावकले ५० हजार नगद प्राप्त गर्ने छन् । दोस्रो, तेस्रो, चौथो र पाँचौंलाई क्रमशः ३० हजार, १५ हजार, सातहजार, तीनहजार र छैटौंदेखि १० औं स्थानसम्म दुरी पूरा गर्ने धावकलाई जनही एकहजार नगद मेडल र प्रमाणपत्रसहित पुरस्कृत गरिने पोखरा क्लिक डटकमका वरिष्ठ संबाददाता असफल गौतमले बताउनु भयो । गत वर्ष खुलातर्फको इभेन्टमा प्रथम, द्वितीय र तृतीयलाई नगद पुरस्कार क्रमशः २५ हजार, १५ हजार र सातहजार रुपैयाँ रहेको थियो । यसैगरी, वडास्तरीय खुला, महिला र यू-१६ तर्फका विजेता जनही १५ हजार र उपविजेता जनही सातहजार रुपैयाँसहित मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत हुने भएका छन् । प्रतियोगितामा यस वर्ष ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारको समेत व्यवस्था गरेको व्यवस्थापक सागर सुनार बताउनु हुन्छ । उहाँका अनुसार भेट्रान र विदेशी इभेन्टका विजेतालाई जनही १५ हजार रुपैयाँका दरले प्रोत्साहन पुरस्कार प्रदान गरिने भएको छ ।

# बागलुङमा परम्परागत जोगी नाच प्रदर्शन

**पोखरापत्र संवाददाता**
गण्डकी, ३० साउन

नेवार समुदायमा यतिबेला विभिन्न जात्रा र नाचको रौनक चलिरहेको छ । पोखरा, बागलुङलगायत नेवार बस्तीमा दैनिकजसो परम्परागत नाच प्रदर्शन भइरहेका छन् ।

घण्टाकर्ण पर्वदेखि नेवार समुदायमा सांस्कृतिक गतिविधि सुरु हुन्छन् । ठूला चाडबाड आउनुअघि चल्ने यस्ता जात्रा र नाचले पर्वमय माहोलको छनक दिन्छन् । आज बागलुङ बजारमा करिब तीन सय वर्ष पुरानो जोगी नाच प्रदर्शन गरिएको छ । जोगीको भेष धारण गरेर कलाकारले आफ्नौ मौलिक नाच देखाएका हुन् । शाक्य कल्याण समाजको अगुवाइमा नाच निकालिएको थियो । समाजका सल्लाहकार मुकुन्द शाक्यले नेवार जाति काठमाडौं उपत्यकाबाट बसाइँसराइ गरेर आउँदा उक्त नाच पनि सँगै लिएर आएका बताउनुभयो । "हाम्रा पूर्वजहरूले नाच्दै आएका जोगी नाचलाई निरन्तरता दिँदै आएका छौं, सांस्कृतिक धरोहरका रूपमा यो जीवित छ", उहाँले भन्नुभयो, "झण्डै तीन सय वर्षदेखि यो नाच बागलुङमा अस्तित्वमा छ, अन्यत्र जोगी नाच खासै नाचिएको पाइँदैन । जोगी नाचमा ताण्डव र हिँडाउने गरी दुई तालमा कलाकारलाई नचाउने गरिएको छ ।"

पहिले जोगी नाचमा चार ताल रहेपनि दुई ताल हराइसकेका सल्लाहकार शाक्यले जानकारी दिनुभयो । उहाँका अनुसार यस नाचमा जोगीको भेषमा सजिएर मृदङ्ग र झ्यालीको विभिन्न तालमा लस्कर लागेर नाच्ने प्रचलन छ । यसपालि अधिकांश युवा पुस्ताका कलाकारलाई नाचमा समेटिएको समाजका अध्यक्ष बाबुलाल शाक्यले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तान्तरण नहुँदा परम्परागत नाच लोप हुने खतरा बढेपछि नयाँ पुस्तालाई नाच सिकाउन सुरु गरिएको हो । अध्यक्ष शाक्यका अनुसार मनोरञ्जनसँगै सामाजिक एकता र सद्भावको सन्देशका रूपमा जोगी नाच नचाउने गरिएको छ । जोगी नाचले सामाजिक एकता, भाइचारा बढ्ने, आसुरी प्रवृत्तिको नास हुने र सहकाल आउने विश्वास गरिन्छ । बागलुङका नेवार हरूले जोगीसँगै अन्य परम्परागत नाचलाई पनि संरक्षण गर्दै आएका छन् । बर्सेनि भदौरै जात्रामा ती नाचहरू प्रदर्शन गर्ने गरिएको छ । जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म भदौरे जात्रा निकाल्ने प्रचलन रहेको नेपाल भाषा मंकाः खलः बागलुङका अध्यक्ष जयराज भारीले बताउनुभयो । शाक्य कल्याण समाज र मंकाः खलःले संयुक्त रूपमा यस वर्ष जात्राको आयोजना गरेको उहाँको भनाइ छ । भदौरे जात्राअन्तर्गत लाखे, बास्सा, रोपाइँ, होवा, जोगी, कटुवाल, घोडालगायत नाच तथा झाँकी प्रदर्शन गर्ने गरिएको उहाँले जानकारी दिनुभयो । गाईजात्रा पर्वको अवसर पारेर वर्ष दिनभित्र दिवङ्गगत भएका आफन्तको सम्झनामा तायामचाः र बास्सा नाच निकाल्ने गरिन्छ । यस वर्ष तीजसम्म लाखे नाच देखाइने खलःका अध्यक्ष भारीले उल्लेख गर्नुभयो । "लाखे र जोगी नाच शाक्य कल्याण समाजले निकाल्दै आएका छन् । अन्य नाच नेपाल भाषा मकां खलःअन्तर्गत संरक्षित छन् । नेवार युवाहरूको संस्था नेवाः ल्याम्ह पुचः पनि जात्रा संरक्षणमा सक्रिय छ", उहाँले भन्नुभयो ।

# शिक्षा विधेयक संशोधन गर्न माग

**रासस**
काठमाडौं, ३० साउन

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) र नेपाल निजी तथा आवासीय विद्यालय सङ्गठन (एनप्याब्सन)ले विद्यालय शिक्षा विधेयकलाई निजी विद्यालयमैत्री बनाउनुपर्ने माग गरेका छन् ।

शुक्रबार प्याब्सन र एनप्याब्सनका प्रतिनिधिले शिक्षा विधेयक संशोधन गरी उक्त विधेयकलाई निजी विद्यालयमैत्री बनाउनुपर्ने माग राख्दै संयुक्त रूपमा जिल्ला प्रशासन कर्यालय र जिल्ला शिक्षा समन्वय एकाइमा ज्ञापनपत्र बुझाएका हुन् । विद्यालय शिक्षा विधेयकबाट 'पूर्ण छात्रवृत्ति र क्रमशः गैरनाफामूलक बनाउने' भन्ने शब्दलाई संशोधन गरी निजी विद्यालयमैत्री बनाउनुपर्ने माग ती सङ्घसंस्थाको छ । विधेयकमा पूर्ण छात्रवृत्ति भन्नाले शिक्षण तथा परीक्षा शुल्क, पाठ्यपुस्तक, शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा)लगायत विद्यालयले लिने शुल्कबाट उपलब्ध गराउनुपर्ने भनिए पनि निजी विद्यालय सञ्चालकले पोशाक र आवासीय सुविधा दिन नसक्ने जनाउँदै आएका छन् । प्याब्सन र एनप्याब्सनले शिक्षा विधेयकमा समावेश गर्नुपर्ने आफ्ना मागसहित बिहीबार देशैभरिका महानगरपालिका, नगरपालिका र गाउँपालिकामा एकसाथ ज्ञापनपत्र बुझाएका थिए । पूर्ण छात्रवृत्तिमा आवास र पोशाक उपलब्ध गराउन नसक्ने जनाउँदै विगतदेखि दिँदै आइएको १० प्रतिशत छात्रवृत्ति मात्र दिन सकिने निजी विद्यालय सञ्चालकहरूले बताउँदै आएका छन् ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# पदमार्गको अभाव हुँदा ओझेलमा जल्पाताल

रासस
बागलुङ, ३० साउन

चारैतिर अग्ला पहाड । बीचमा टक्क अडिएको निश्चल पानी । शान्त र मनोरम वातावरण । स्वच्छ, सुन्दर तलाउ आगन्तुकलाई स्वागत गर्न तत्पर छ। अनेक रङ्गका फूलले यहाँको वातावरण मनमोहक बनाएको छ । यहीं दृश्य अवलोकन गर्न जल्पातालमा पुग्ने मोहित हुन्छन् ।

बागलुङको ढोरपाटन नगरपालिका-९ मा पर्ने जल्पाताल निकै आकर्षक छ। समुद्री सतहबाट चार हजार ४०० मिटरको उचाइमा रहेको जल्पाताल सम्भावना भएर पनि गुमनाम छ । बर्खाका बेला जल्पाताल वरपरको पाटनमा भेडा चराउन गोठाला पुग्छन् । स्वर्गसरी पाटनहरूमा बर्खाको चार महिना बिताउँछन् । भेडी गोठाला पुगेको जल्पातालसम्म पर्यटक भने खासै पुग्न सकेका छैनन् ।

ताल बागलुङको ढोरपाटन नगरपालिका र रुकुमपूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाको सीमा क्षेत्रमा पर्ने हुँदा दुई जिल्लाका गोठाला यहाँ बस्ने गरेका छन् । ढोरपाटन उपत्यकाबाट दुई दिनको पैदलयात्रामा जल्पाताल पुग्न सकिन्छ । तर अहिलेसम्म यस तालसम्म पुग्ने गतिलो पदमार्गको अभाव छ । छिटफुट पुग्ने पर्यटक अन्दाजकै भरमा जल्पातालसम्मको यात्रा गरेर फर्कन्छन् । ढोरपाटनको पाखाथरबाट गर्पछेडा, फुर्से देउराली, फागुन हुँदै जल्पाताल पुग्न सकिन्छ । पर्यटकलाई तालको सुन्दरता र त्यस वरपरको प्रकृतिक दृश्यावलोकन गराउनका लागि प्रचारप्रसार गर्न आवश्यक रहेको ढोरपाटन होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले बताउनुभयो ।

जल्पातालमा अहिलेसम्म पर्यटक पुर्‍याउन नसकेको भन्दै राज्यले नै प्रचारप्रसार गर्नुपर्ने उहाँको तर्क छ । तालसम्म पुग्ने पदमार्ग बनाउन जरुरी रहेको उहाँको भनाइ छ । गोठालाको बासस्थानका रूपमा रहेको जल्पाताललाई पर्यटक उकाल्न पर्यटन बोर्डसँगै स्थानीय, प्रदेश र सङ्घ सरकारले पहल थाल्नुपर्ने उहाँको सुझाव छ ।

"गत वर्षसम्म बुकीपाटन आफ्नेलमा थियो । प्रचारप्रसार र त्यहाँसम्म पुग्ने पदमार्ग लगायतका संरचना बनेपछि अहिले दैनिक एक सय बढी पर्यटक टीकाधारा, गर्पछेडा पुग्छन्", उहाँ भन्नुहुन्छ, "अब जल्पातालको पनि प्रचारप्रसार गरी पूर्वाधार निर्माण गनुपर्नेछ । पर्यटकको आगमनलाई बढाउनुपर्ने देखिन्छ । हामी स्थानीयका तर्फबाट गर्नुपर्ने जिम्मेवारी हामी पूरा गर्छौं । राज्यले पनि त्यही अनुसारको कदम चाल्नुपर्छ ।" जल्पातालसम्म पर्यटक उकाल्न पदमार्गको विकाससँगै सूचना बोर्डको अभाव छ । प्रवर्द्धन गर्न सक्ने हो भने कुमारी गन्तव्य भएकाले तालसम्म पुग्ने पर्यटकको सङ्ख्यामा बढोत्तरी हुने तनहुँबाट घुम्न पुगुभएका पत्रकार विनोद ढुङ्गाना बताउनुहुन्छ । "जल्पातालको दृश्यले देखेपछि लाग्छ स्वर्गको टुक्रा भनेको यहीं होला", उहाँले वर्णन गर्नुभयो ।

कोलाहलबाट परको नयाँ गन्तव्यमा पदयात्रा गर्न चाहने आन्तरिक र बाह्य पर्यटकका लागि उत्कृष्ट गन्तव्य रहेको उहाँको भनाइ छ । तर, त्यसका लागि व्यवस्थित पदमार्ग र सूचना बोर्ड राख्नुपर्ने उहाँले बताउनुभयो । "ताल निकै मनमोहक छ। वरपरको सुन्दरताले धेरैलाई लोभ्याउँछ । तालतालाई पनि थोरै व्यवस्थित गर्नुपर्ने छ । तालतालाई घेरेको तीन दिशाको पहाड भूक्षयीकरण भएकाले निकट भविष्यमा खुम्चिने सम्भावना पनि उत्तिकै देखिन्छ", ढुङ्गानाले भन्नुभयो, "पूर्वाधारको विकास, प्रवर्द्धनसँगै संरक्षणको आवश्यकता । बुकीपाटनसँगै जल्पाताल पनि पर्यटक आकर्षणको गन्तव्य बन्नेमा शङ्का छैन ।" ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत ताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न ठाउँठाउँमा सूचना बोर्ड राख्ने र पदमार्ग निर्माण गर्ने बताउनुहुन्छ । ढोरपाटन उपत्यकाबाट धेरै टाढा रहेको हुँदा नगरपालिकाको स्रोतले मात्र नपुग्ने हुँदा प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरेर पूर्वाधार निर्माण गर्ने उहाँको भनाइ छ। जल्पातालसहित ढोरपाटनका अन्य पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि पर्यटन महोत्सव गर्ने योजना बनाएको कायतले बताउनुभयो । उहाँले भन्नुभयो, "यो ताल अहिलेसम्म ओझेलमा छ, फाट्टफुट्ट ढोरपाटन वरपरका पर्यटकहरू कहिलकाहीँ पुग्ने गरे पनि अरु ठाउँबाट खासै आउन सकेका छैनन् । आउन् पनि कसरी प्रचार नै छैन । हामीहरूले अब जल्पातालसँग बुकीपाटन क्षेत्रको पनि प्रवर्द्धन गर्नेगरी योजना बनाएका छौं । यो वर्ष पर्यटकका लागि सूचना बोर्ड र केही ठाउँमा पदमार्ग बनाउँछौं । अधूरा कामका लागि माथिल्लो निकायसँग सहकार्य गर्नेछौं ।"

# शुक्लाको राष्ट्रिय श्रीकृष्ण भजनलाई विभिन्न सरकारी र निजी क्षेत्रको साथ

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

पोखराको बाटुलेचौरमा हुने २६ औं संस्करणको राष्ट्रिय कृष्ण भजन प्रतियोगितालाई विभिन्न सरकारी तथा निजी क्षेत्रले साथ दिएका छन् ।

श्री कृष्ण जन्माष्टमीको पावन अवसरमा यही साउन ३१ गते शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गर्ने प्रतियोगिता यस क्षेत्रकै गौरव र सांस्कृतिक संरक्षण लागि उल्लेखनीय रहेको भन्दै विभिन्न सरकारी, सामाजिक तथा निजी संस्थाले आर्थिक सहयोग गरेको प्रचार प्रसार उपसमितिका संयोजक संजय थापाले जानकारी दिए। कार्यक्रम सफलताको कामना गर्दै हिम श्री फुड्स पोखरा, पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रा लि, यु आर एल पोखरा, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, मादी गाउँ पालिका, पोखरा महानगरपालिका वडा नं १६ र १९, गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान लगायतका संघ संस्थाले आर्थिक सहयोग गरेको अर्थ उपसमितिका संयोजक सुमनराज पौडेलले बताए। विभिन्न सरकारी, निजी संघसंस्था तथा व्यक्तिको सहयोगबाट नै कार्यक्रम सफल हुने उनको भनाई छ ।

शनिबार ऐतिहासिक मैदानमा हुने प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको र महेश्वर खनाल भजन समुह तनहुँ, भद्रकाली खैंजडी भजन समुह धादिङ, हरिहर भजन कीर्तन समुह स्याङ्जा, सहित कास्कीका विभिन्न भजन टोली र विद्यालयका स सानाविद्यार्थी सहभागी १६ वटा भजन टोलीले प्रतियोगितामा सहभागीता जनाउने बताईएको छ कार्यक्रममा यस क्षेत्रका आमा समुह, टोल विकास संस्था र विभिन्न जातिय तथा धार्मिक संस्था आ-आफ्नो पहिचान झल्कने पोसाकमा सहभागी हुने प्रतिष्ठानले जनाएको छ ।

प्रतियोगितामा प्रथम हुनेले नगद १ लाख र प्रमाणपत्र, दोस्रो हुनेले नगद ७५ हजार र प्रमाणपत्र, तेस्रो हुनेले नगद ५० हजार र प्रमाणपत्र तथा सान्त्वना हुनेले नगद २५ हजार र प्रमाणपत्र तथा सहभागी टिमलाई प्रोत्साहन स्वरुप जनही ५ हजार प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमले बताईन् । कार्यक्रम सम्पन्न गर्न करिब १६ लाख खर्च लाग्ने बताइएको छ ।

# उद्योग व्यवसाय बन्द हुने दर बढ्यो

पोखरापत्र संवाददाता
म्याग्दी, ३० साउन

पछिल्लो तीन वर्षयता म्याग्दीमा उद्योग व्यवसाय दर्ताको तुलनामा बन्द हुने दर बढेको छ । आर्थिक मन्दीका कारण उद्यमी, व्यवसायीहरू वैकल्पिक पेसा रोज्ने र पलायन हुँदा व्यवसाय दर्ता घटेको र बन्द हुने दर बढेको हो ।

पर्यटन तथा उद्योग कार्यालयको तथ्याङ्कानुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा २०८१/८२ मा उद्योग व्यवसाय दर्ता २६ दशमलव ५४ प्रतिशतले घटेको र खारेज हुने दर एक सय सात प्रतिशतले बढेको छ । आव २०८१/८२ मा म्याग्दीमा ७० उद्योग र ८५ व्यवसाय दर्ता हुँदा ४२ उद्योग र ४८ वटा व्यावसायिक फर्म बन्द भएका कार्यालय प्रमुख अमृत कँडेलले बताउनुभयो । आव २०८०/८१ मा दुई सय ११ उद्योग, व्यवसाय दर्ता भएको कार्यालयमा ८४ खारेज भएका थिए । चौथ उद्योग र २९ व्यावसायिक फर्म खारेज भएको आव २०७९/८० मा एक सय एक वटा उद्योग र एक सय १० वटा व्यावसायिक फर्म दर्ता भएका थिए । आव २०७७/७८ मा सात सय ६२, आव २०७८/७९ मा पाँच सय र २०७९/८० मा तीन सय १७ वटा उद्योग र व्यावसायिक फर्म दर्ता भएका थिए । आव २०८१/८२ मा दर्ता र खारेज भएका उद्योगको सङ्ख्या थपघट गर्दा उद्योगतर्फ दुई हजार ९१७ र व्यवसायतर्फ दुई हजार ६९० वटा कायम भएको छ । गत वर्ष दर्ता भएका उद्योगमा दुई सय १७ जनालाई रोजगारी सृजना भएको छ । गत वर्ष पाँच सय ३२ उद्योग र छ सय तीन व्यावसायिक फर्मको नवीकरण भएको छ । उद्योग व्यवसाय दर्ता नवीकरणबापत गत आवमा पर्यटन तथा उद्योग कार्यालयले रु ३० लाख २५ हजार ७७४ राजस्व सङ्कलन गरेको छ । आव २०८०/८१ मा रु ३७ लाख ३८ हजार ५०० राजस्व सङ्कलन गरेको कार्यालयले प्रदेश सरकारले नीतिमा परिवर्तन गरेका कारण राजस्व बढेको जनाएको छ । म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले घट्दो जनसङ्ख्या, बसाइँसराइ, वैदेशिक रोजगारी, स्थानीय तहमा मात्र दर्ता गरेर आन्तरिक राजस्व कार्यालयबाट पान नम्बर पाइने र कोरोना महामारीपछि आर्थिक मन्दीको असर उद्योग व्यवसाय दर्ता तथा खारेजीमा परेको बताउनुभयो । "व्यवसाय र उद्योग खारेजी बढ्नु र दर्ता घट्नुलाई कोभिडपछिको आर्थिक मन्दी र वैदेशिक रोजगार मुख्य कारण हुन्", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारका लागि कारोबार देखाउन, बैंकबाट ऋण र राज्यबाट अनुदान लिन कागजी प्रक्रिया पूरा गर्न दर्ता भएका उद्योग र व्यवसाय उद्देश्य पूरा भएपछि कर तिरिरहनुभन्दा खारेज गर्नेहरू पनि छन् ।" फेन्सी, हार्डवयर्स र होटल तथा रेष्टुरेन्टको व्यापार घटे पनि सटर नै बन्द नभएका तथा पर्यटनमूलक होटल व्यवसाय बढेका अध्यक्ष श्रेष्ठको दाबी छ ।

ग्रामीण क्षेत्रका उद्यमी र व्यवसायीहरूले स्थानीय तहमै दर्ता गरेर पान नम्बर लिन पाउने व्यवस्था भएपछि प्रदेश सरकारअन्तर्गतको पर्यटन तथा उद्योग कार्यालयमा दर्ता नगर्ने र खारेज गर्न थालेका अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

# सात वर्षदेखि अधूरै बृहत् लिफ्ट आयोजना

रासस
बागलुङ, ३० साउन

बागलुङ नगर खानेपानी तथा उपभोक्ता समितिले आम उपभोक्तालाई लिफ्टमार्फत पानी वितरण गर्दा मासिक रु पाँच लाख विद्युत् महसुल तिर्दै आएको छ। अधूरो लिफ्ट आयोजनाबाट खानेपानीको सङ्कट टार्नका लागि पानी तान्दै आएको समितिले विद्युत् महसुलमा वार्षिक रु ६० लाख खर्चँदै आए पनि महसुल छुट सुविधाबाट वञ्चित भएको छ ।

आयोजना सम्पन्न नहुँदा गण्डकी प्रदेशले छुट दिने विद्युत् महसुलको लाभ लिन नसक्दा लाखौं नोक्सानी व्यहोर्दै आएको बागलुङ नगरखानेपानी तथा उपभोक्ता संस्थाले जनाएको छ । निर्माण व्यवसायीले आयोजना सकेर हस्तान्तरण नगर्दा विद्युत् छुटको सम्झौता गर्न नसक्दा सङ्घीय र प्रदेशले प्रदान गर्ने महसुल छुटमा जान नसकिएको बागलुङ नगर खानेपानी तथा उपभोक्ता संस्थाका कार्यबाहक अध्यक्ष हरिबहादुर जिसीले जानकारी दिनुभयो । दुई वर्षमा सक्नेगरी २०७५ साल असार ३१ गते सम्झौता गरिएको बागलुङ नगर बृहत् खानेपानी लिफ्ट आयोजनाको ९५ प्रतिशत काम भए पनि खानेपानीलाई नयाँ संरचनाबाट वितरण गर्न अझै बाँकी छ ।

कन्काई जयमाता जेभीले २०७७ सालमा निर्माण सक्नेगरी रु ३० करोड २६ लाख ५१ हजार लागतमा ठेक्का सम्झौता भएको थियो । पछि आयोजनाको लागत रु चार करोड थपिए पनि निर्माण व्यवसायीले आयोजनालाई सम्पन्न गर्नतर्फ ध्यान नदिँदा लाखौंको विद्युत् महसुल भुक्तानी गर्न नगर खानेपानी बाध्य भएको जिसीको भनाइ छ । "गण्डकी प्रदेशको खानेपानी विद्युत् महसुल र सङ्घीय खानेपानीले समेत विद्युत् महसुलमा छुट दिने योजना ल्याएको छ, मासिक रु पाँच लाख महसुलमा केही छुट भए राहत मिल्ने थियो", जिसीले भन्नुभयो, "निर्माण व्यवसायीले ९५ प्रतिशत काम सके पनि रातामाटामा निर्माण गरिएको सात लाख लिटरको खानेपानी ट्याङ्कीमा पानी पुर्‍याइएको छैन, संस्थाले अस्थायी रूपमा लिफ्टको पानी पुरानै ट्याङ्कीमा राखेर वितरण गरिरहेका छौं ।"

गण्डकी प्रदेश सरकारले लिफ्ट खानेपानी आयोजना विद्युत् महसुल अनुदान कार्यविधि, २०७९ अनुसार आयोजनाको विद्युत् बागलुङ नगर खानेपानी तथा उपभोक्ता समितिले २५ प्रतिशत रकम छुट पाउने व्यवस्था छ । निर्माण व्यवसायीले काम सम्पन्न नगर्दा नगर खानेपानीले वार्षिक करोडौं क्षति व्यहोर्दै आएको जिसीको भनाइ छ ।

वार्षिक ६० लाख विद्युत् महसुल तिर्दै आएको नगर खानेपानीले वार्षिक रु १५ लाख छुट पाउँदा राहत मिल्ने जिसीको भनाइ छ । बागलुङ बजारमा खानेपानीको चरम सङ्कट भएपछि आयोजना अन्तिम चरणमा रहँदै २०८१ साल जेठबाट दुईवटा मोटरबाट खानेपानी तानेर लोकमार्ग नजिकैको पुरानो ट्याङ्कीमार्फत वितरण गरिँदै आइएको छ । ठूलो लिफ्ट आयोजनामा सङ्घीय सरकारले पनि महसुल छुट दिने योजना ल्याएको छ ।

आयोजनाको निर्माण व्यवसायीले निर्माण सम्पन्न गरे पनि लोकमार्गभन्दा माथि मिर्गाण गरेको नयाँ सात लाख लिटरका दुईवटा सङ्कलन ट्याङ्कीमा पानी खसाल्ने र गौडाकोट र रमेटार क्षेत्रमा वितरण गर्न बाँकी छ । बागलुङ नगरपालिका-३ स्थित काठेखोलाको पानी कैलामपोखरीबाट २५० मिटरमाथि रातामाटामा पुर्‍याउने गरी आयोजना अन्तिम चरणमा पुगे पनि सम्पन्न नहुँदा विद्युत् महसुलको भार नगर खानेपानीलाई परेको छ । खानेपानीको परीक्षण नै असफल भएपछि खानेपानीको पाइप नै खानेपानी तथा ढल व्यवस्थापन विभागले परिवर्तन गरेको थियो । निर्माण व्यवसायी कृष्णहरि चौलागाईंले आयोजना सम्पन्नमा ढिलाइ भएको स्वीकार गर्नुभयो । उहाँले आयोजनास्थल भौगोलिक रूपमा कमजोर भएको, पहिरो व्यवस्थापमा ढिलाइ भएको, कोरोना त्रास, आर्थिक सङ्कट र पाइपलाइन डिजाइनको समस्या सुल्झाउनेलगायत कारण सम्पन्नतामा ढिलाइ भएको बताउनुभयो । लिफ्ट आयोजनाले बागलुङ बजारमुनि रहेको काठेखोलाको पानी लिफ्टमार्फत रातमाटामा तानेर शुद्धीकरण गरेर वितरण गर्नेगरी निर्माण भएको थियो ।

# बागलुङका एक जनप्रतिनिधि व्यावसायिक स्याउखेतीमा रमाउँदै

पोखरापत्र संवाददाता
बागलुङ, ३० साउन

छ वर्ष अघि ताराखोला गाउँपालिका-५ का अध्यक्ष मनबहादुर रोकाले परीक्षणका लागि जुम्लाबाट बिरुवा ल्याएर थाल्नुभएको स्याउखेती अहिले व्यावसायिक खेतीमा परिणत भएको भएको छ।

रोयल रेड र इटालिएन फुजी उहाँको बगानका आकर्षण बनेका छन् । प्रारम्भमा १०० बिरुवा रोप्नुभएका उहाँले ८० वटा मात्र जोगाउन सफल भएको सुनाउनुभयो । जातका स्याउको बिरुवा लिएर लगाउनुभएका रोकाको हाल १४० बोट छन् जसले फल दिएका छन् । उहाँको बगान चार रोपनीमा फैलिएको छ। उहाँ छ रोपनीमा खेती विस्तार गर्ने योजनामा हुनुहुन्छ । अध्यक्ष रोकाले भन्नुभयो, "अब १० रोपनीमा खेती गर्ने सोचमा छु ।" स्याउखेतीका निम्ति उहाँले रु एक लाख ५० हजार लगानी गरेको बताउनुभयो । विभिन्न निकायले अनुदानमा बिरुवा दिँदा खासै खर्च परेको छैन । यस वर्ष करिब चार क्विन्टल स्याउ उत्पादन भएको अध्यक्ष रोकाले बताउनुभयो । कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवाल सँचाइ हुने, पानी कम पर्ने र घाम बढी लाग्ने स्थानमा स्याउखेती उपयुक्त हुने बताउनुहुन्छ । ढोरपाटन र निसेल ढोरमा व्यावसायिक रूपमा स्याउखेती हुँदै आएको छ। जिल्लाभर ५६ दशमलव ९२ हेक्टर क्षेत्रमा स्याउखेत हुने गरेको जानारी दिँदै उहाँले बर्सेनि ३३१ दशमलव दुई मेट्रिक टन स्याउ उत्पादन बताउनुभयो ।

# मानव-वन्यजन्तु द्वन्द्व घटाउन पोखरी निर्माण

पोखरापत्र संवाददाता
दमौली, ३० साउन

वनमा पानीको स्रोत मासिँदै गएपछि मानव बस्तीमा वन्यजन्तु आउन थालेपछि डिभिजन वन कार्यालयले वन्यजन्तुका लागि पोखरी निर्माण गरेको छ।

मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनअन्तर्गत उक्त कार्यालयले जिल्लाका आठ वटा सामुदायिक वनमा पोखरी निर्माण गरेको हो । वन अधिकृत काशीराज पण्डितका अनुसार गत आर्थिक वर्षमा म्याग्दे गाउँपालिका-३ स्थित सिद्धवतासन सामुदायिक वन, देवघाट गाउँपालिका-४ को आमडाँडा मोहोरिया सामुदायिक वन, ऋषिङ गाउँपालिका-३ को जनशक्ति सामुदायिक वन, सोही गाउँपालिकाको वडा नम्बर ४ मा रहेको बराहेसेनी सामुदायिक वन, शुक्लागण्डकी नगरपालिका-२ स्थित तारा सामुदायिक वन, बन्दीपुर गाउँपालिका-२कोसिद्धथानसामुदायिक वन, भिमाद नगरपालिका-४ मा अवस्थित मसुरेगैरा सामुदायिक वनमा पोखरी निर्माण गरिएको हो ।

पोखरी निर्माणका लागि प्रतिसामुदायिक वन रु एक लाख प्रदान गरिएको उहाँले जानकारी दिनुभयो । एक लाखको लागतमा भानु नगरपालिका-९ स्थित वागीश्वरी सामुदायिक वनमा 'रिचार्ज' पोखरी निर्माण गरिएको छ।

# नेपाल नर्दन टेरिटोरी स्ट्राइकरसँग पराजित

रासस
काठमाडौं, ३० साउन

अष्ट्रेलियाको डार्विनमा जारी टप एण्ड टी-२० सिरिजमा नेपाल अष्ट्रेलियाको स्थानीय क्लब नर्दन टेरिटोरी स्ट्राइकरसँग पराजित भएको छ।

अष्ट्रेलियाको मरारा क्रिकेट ग्राउण्ड २ शुक्रबार भएको आफ्नो उद्घाटन खेलमा नेपाल नर्दन टेरिटोरसँग ४२ रनले पराजित भएको हो । नर्दन टेरिटोरीले जितको लागि दिएको एक सय ७८ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा ८ विकेट गुमाएर एक सय ३५ रनमा समेटियो । नेपालका लागि कुशल मल्लले सर्वाधिक ३४ रन बनाए । त्यसैगरी गुल्शन झाले २६ तथा कप्तान रोहित पौडेलले २३ रन बनाए । नर्दन टेरिटोरीका लागि म्याट हामोन्डले तीन विकेट लिए भने टम एन्ड्युज र केन रिचार्डसनले समान दुई/दुई विकेट लिए ।

त्यस्तै हामिश मार्टिनले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नर्दन टेरिटोरीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ७७ रनको योगफल बनाएको थियो । उसका लागि ओपनर डार्सी शर्टले सर्वाधिक ५१ रनको अर्धशतकीय पारी खेले ।

त्यसैगरी टम एन्ड्युजले अविजित ३२ रन जोडे भने जोर्डन सिल्कले १९ रन बनाए । कोनर क्यारोलले १८, क्याडी म्याकमोनले १२ तथा जेक वेदरल्डले ११ रन बनाए । नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए भने शाहब आलमले दुई विकेट झारे । त्यस्तै गुल्शन झा, दीपेन्द्रसिंह ऐरी र कप्तान रोहित पौडेलले समान एक एक विकेट लिए ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# युट्युबमा तीज गीतको लहर

राम थापा
गण्डकी, ३० साउन /रासस

लोकप्रिय गायिका विष्णु माझीको तीज गीत ‘म त नराउरी…’ सार्वजनिक भएको दुई दिनमा नै युट्युबमा २० लाखभन्दा बढीपटक हेरिएको छ। तीज पर्वको छेको पारेर बुधबार सार्वजनिक भएको उक्त गीतमा १२ हजार बढीले प्रशंसायुक्त टिप्पणी गरेका छन् ।

तीज पर्वको परम्परा र मौलिकतालाई पछ्याएका कारण गायिका माझीको गीतलाई दर्शकस्रोताले रुचाएका हुन् । गत वर्ष पनि उहाँको तीज गीत ‘आइन आमा यो तीजमा…’ ले सार्वजनिक भएको दुई दिन नबित्दै युट्युबमा ३० लाख बढी ‘भ्यूज’ बटुलेको थियो ।

माझीले विगत दुई दशकयता बर्सेनि तीज गीत सार्वजनिक गर्दै आउनुभएको छ । कतिपयले त विष्णु माझीको गीत आएपछि बल्ल तीज आएको आभास दिने गरेको टिप्पणीसमेत गर्छन् । तीजमात्र नभएर उहाँका हरेक लोकदोहोरी गीत सफल छन् ।

सुन्दरमणि अधिकारीको रचना र सङ्गीत रहेको गीत ‘म त नराउरी…’ मा लैङ्गिक असमानताले निम्ताएको नारी बेदनालाई उठान गरिएको छ। गीतमा कुनै बेला नेपाली समाजमा व्याप्त छोरा र छोरीबीचको विभेदको मर्मस्पर्शी कथा छ । गीतले भन्छ-

‘दाइ र भाइले पिपलगेडी खाको
मैले छाम्दा गोजी रित्तै भाको…’

गीतको म्युजिक भिडियोमा ललिता पौडेललगायत कलाकारको अभिनय रहेको छ । विगत केही वर्षदेखि कतिपय तीज गीत विवादमा तानिँदै आएकामा गायिका माझीको गीतले भने तीज गीतको मूल मर्मलाई पक्डेको छ। महिलाको संवेदना र मनोविज्ञान गीतमा मुखरित भएको छ। गीतमा मौलिकताको झझल्को छ। चर्चित गायक प्रकाश सपुतको रचना र सङ्गीतमा केही दिनअघि युट्युबमा सार्वजनिक तीज गीत ‘नाइँ भनेसी नाइँ…’लाई पनि हालसम्म झण्डै दश लाख पटक हेरिएको छ। गायिका समीक्षा अधिकारी र एलिना चौहानद्वारा स्वरबद्ध उक्त गीतमा पनि महिला अधिकार र सशक्तीकरणको मुद्दा उठाइएको छ । महिलामाथि हुने हिंसा र अत्याचारविरुद्ध सपुतले आफ्नो सृजनालाई केन्द्रित गर्नुभएको छ। गायक सपुतले यसअघि ल्याएको तीज गीत ‘बदला बरिलै…’ र ‘कुरा बुझ्न पर्छ…’ ले पनि चर्चा पाएको थियो ।

गायक पशुपति शर्मा र टीका पुनले गाएको तीज गीत ‘लाइटै बालेर हेर मायाले…’ लाई पनि दर्शक/स्रोताले साथ दिएका छन् । चार साताअघि ‘पशुपति शर्मा’ युट्युब च्यानलबाट सार्वजनिक उक्त गीतलाई हालसम्म १२ लाखभन्दा बढीपटक हेरिएको छ । गायक शर्माकै शब्द र सङ्गीतमा तयार भएको उक्त गीतको म्युजिक भिडियोमा पनि शर्मा र कलाकार कुञ्जना घिमिरेको अभिनय रहेको छ। गीतमा मायाप्रेमको विषय छ।

तीज पर्व नजिकिँदै जाँदा यसरी नै युट्युबबाट तीज गीत सार्वजनिक भइरहेका छन् । बर्सेनि तीज आउँदा यस्ता गीत निकाल्ने लहरै चल्छ । तीजको याम सुरू भएपछि कलाकारले अरु विधाका गीतलाई थाँती राख्छन् । तीज गीतले सधैँ चलिरहने लोकदोहोरीलाई पनि ओझेलमा पारिदिन्छ । तीज आउन अब दुई सातामात्र बाँकी छ । तीज गीतले युट्युबमा प्रवेश पाएको भने गत असारदेखि नै हो।

अनेक विषय, भाव र बान्कीका तीज गीतले पर्वमय माहोलको छनक दिएका छन् । अधिक गीतमा प्रेम र सौन्दर्यको चर्चा छ । कतै श्रीमान्श्रीमती त कहीँ प्रेमीप्रेमिका बीचको मायावी संवाद गीतमा सुन्न पाइन्छ । कतै महिला अधिकार र मुक्तिको आवाज मुखरित भइरहेको छभने कतै नारी बेदनाका स्वर गुञ्जिइरहेका छन् । मनछुने भाका, शब्द र सुरिलो गायकीले कतिपय तीज गीतलाई सरल र श्रुतिमय बनाएको छ । कतिपय गीत सृजनशीलता र मौलिकताको कसीमा औसत स्थानमा छन् ।

पर्व गीतको उपमा पाएको तीज गीतलाई कतिपय कलाकारले त्यसको मूल प्रवृत्तिबाट विमुख पारेको भन्दै चिन्ता पनि व्यक्त हुँदै आएको छ । पहिलेका तीज गीत घटनाप्रद, युग सुहाउँदो, चेतना जागृत गर्ने र समसामयिक विषयवस्तुमा केन्द्रित हुन्थे । खासगरी महिलाले तीज गीतलाई वर्षभरिका दुःख, पीरवेदना र चोट सार्वजनिक गर्ने माध्यम बनाउँथे । महिला मुक्तिको आवाज पनि तीज गीतमा उठ्थ्यो ।

अहिलेका तीज गीतमा भने मायाप्रेमको मुद्दा बढी मुखरित भएको पाइन्छ । कलाकार भने आधुनिक समाज विकाससँगै मानवीय अभिरुचि र प्रविधिमा आएको फड्कोलाई स्वीकारेर अगाडि बढ्नुको विकल्प नभएको टिप्पणी गर्छन् । केही वर्षअघि तीज गीतलाई लिएर राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानले केही गायकगायिकालाई प्रतिबन्ध लगाउनेसम्मको अवस्था सृजना भएको थियो । गत वर्ष पनि दर्जन बढी तीज गीत विवादमा मुछिएका थिए । केही गायकगायिकाले त्यस किसिमका गीत गाएकामा क्षमासमेत माग्नुपरेको थियो ।

वरिष्ठ लोकगायिका हरिदेवी कोइराला तीज गीतमा महिलाले आफूले झेल्नुपरेका सामाजिक बन्धन, पारिवारिक अन्याय, अत्याचार आदि समेटिनुपर्ने मान्यता राख्नुहुन्छ । अन्धविश्वास र विसङ्गतपूर्ण व्यवहार तोडेर समानतामूलक समाज निर्माणका लागि तीज गीत सहयोगी बन्नुपर्ने उहाँको बुझाइ छ । पौराणिककालदेखि नै तीज पर्व र गीतको बयान हुँदै आएको भन्दै गायिका कोइरालाले तीज गीतले विशेषगरी महिला अधिकार र मुक्तिको आवाज मुखरित गर्नुपर्ने धारणा राख्नुहुन्छ ।

# स्याङ्जामा अन्तर जिल्ला सुरक्षा समितिको बैठक सम्पन्न

पोखरापत्र संवाददाता
स्याङ्जा, ३० साउन



दुई जिल्लाका सुरक्षा समितिको बैठक स्याङ्जाको गल्याङ १ मालुङ्गामा सम्पन्न भएको छ । स्याङ्जा र पाल्पाका सुरक्षा समितिका संयोजक प्रमुख जिल्ला अधिकारी सहित सदस्यहरुको सहभागितामा बैठक सम्पन्न भएको हो ।

स्याङ्जा गण्डकी प्रदेशमा र पाल्पा लुम्बिनी प्रदेशमा पर्ने जिल्ला हुने । स्याङ्जा र पाल्पाको सिमानाका रहेका मालुङ्गामा दुई जिल्लाको सुरक्षा समिति बिच शान्ति सुरक्षा मजबुद बनाउने, नाकामा कडाइ गर्ने र कानूनविपरीतका अवैध गतिविधि रोक्ने मुख्य उद्देश्यले दुई जिल्लाको सुरक्षा समिति बिच छलफल भएको स्याङ्जाका सुरक्षा समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्याल जानकारी दिए । शान्ति सुरक्षा, अपराधिक क्रियाकलाप, लागुऔषध, अबैध गिट्टी बालुवा उत्खनन् लगायत अबैध सामाग्री ओसारपसारका बिषयमा गम्भिर रुपमा छलफल गरिएको स्याङ्जाका प्रजिअ अर्यालले बताए । दुई जिल्ला र दुई प्रदेशलाई जोड्ने राम्दीमा निर्माण हुन लागेको पुललाई समयमै सकाउन ठेकेदार कम्पनीलाई निर्देशन दिने काम समेत भएको बताइएको छ ।

बिशेषगरी सुरक्षा समितिले नियमित गर्ने गृहकार्य सगै उत्तरबाहिनी क्षेत्रमा हुन लागेको उत्तर गण्डकी महामेलाका बिषयमा छलफल भएको छ । चाडवाडको बेला अनि दुई जिल्लाको सिमानामा हुन लागेको एक महिना लामो उत्तरगण्डकी महामेलामा हुन सक्ने सम्भावित घट्नाक्रमलाई ध्यानाकर्षण गरिएको बताइएको छ ।

धार्मिक उत्सव भएकाले छिमेकी मुलुक सगै देशका भिपिआईपीहरुको समेत सहभागिता रहने बिषयलाई मध्यनजर राखेर दुवै जिल्लाले आवश्यक सुरक्षा प्रवन्ध मिलाउने गरी अगाडी बढ्ने निर्णय भएको प्रजिअ अर्यालले बताए । उत्तरगण्डकी महामेलामा आउने भक्तजनहरुका लागि सडकको पूर्वाधार, गण्डकीको किनारमा स्नान् गर्ने र स्वास्थ्य संमवेदनाका बिषयमा आयोजक र सुरक्षा समिति बिच पनि समाधानका बिषयमा छलफल भएको छ ।

उत्तरगण्डकी महामेला असोज २१ देखी कार्त्तिक १९ गतेसम्म उत्तरबाहिनी क्षेत्रमा आयोजना हुदैछ । कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानको आयोजनामा उत्रर बाहिनी क्षेत्रमा हुन लागेको उत्तरगण्डकी महामेला महोत्सवमा नेपाल सहित विभिन्न देशका धार्मिक गुरुहरुको सहभागिता रहने आयोजक समितिका संयोजक चैतन्य कृष्ण महाराजले जानकारी दिए ।

पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा समितिका संयोजक तोयनारायण सुवेदी सहायक प्रजिअ ऋषिराम सुवेदी सहित नेपाल प्रहरीका प्रमुख, सशस्त्र प्रहरी प्रमुख, नेपाली सेना, राष्ट्रिय अनुसन्धानका प्रमुख लगायत सुरक्षा समितिको बैठकमा सहभागिता रहेको थियो । यता स्याङ्जाबाट सुरक्षा समितिका संयोजक अर्याल सहित प्रहरी प्रमुख, सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान, गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजारका प्रमुख सहित सुरक्षा समितिको सहभागिता रहेको थियो ।

बेला- बेलामा जिल्लाको सिमानासगँ जोडिएका जिल्लाहरु बिच अन्तर जिल्ला सुरक्षा बैठक बस्ने प्रचलन छ । स्याङ्जाका पाल्पा, गुल्मी, पर्वत, कास्की र तनहुँ छिमेकी जिल्ला हुन् ।

# पर्वतका दुई सय ७० सामुदायिक विद्यालयमा शैक्षिक योग्यता नपुगेका प्रधानाध्यापक

राम थापा
गण्डकी, ३० साउन /रासस

जिल्लाका २७२ सामुदायिक विद्यालयमध्ये २७० विद्यालयमा ऐनविपरीत प्रधानाध्यापकले काम गरिरहेका पाइएको छ ।

शिक्षा ऐनमा प्रधानाध्यापकका लागि निश्चित समयावधि र शैक्षिक योग्यता तोकिए पनि त्यसको बेवास्ता गर्दै ती विद्यालयमा योग्यतानै नपुगेका प्रधानाध्यापकले काम गरिरहेको पाइएको छ ।

जिल्लाको सदरमुकाम कुश्मा बजारमा सञ्चालित नारायण माध्यमिक विद्यालय र खुर्कोटस्थित हिमालय माध्यमिक विद्यालय बाहेक अन्य विद्यालयमा ऐनविपरीत प्रधानाध्यापक रहेको शिक्षा विकास तथा समन्वय एकाइले जानकारी दिएको छ ।

शिक्षा नियमावली,२०५९ को संशोधिनसहित परिच्छेद १७ नियम ९३ बमोजिम एक पटक प्रधानाध्यापक नियुक्ति भएपछि पाँच वर्षसम्मका लागि सेवा अवधि रहने र पुनः नियुक्तिका लागि छनोट समितिमार्फत प्रक्रिया पूरा गरेर नियुक्ति गर्नुपर्ने प्रावधान छ । शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाईका अनुसार पर्वतका सबै स्थानीय तहमार्फत विद्यालयलाई ऐनअनुसार प्रधानाध्यापक नियुक्तिका लागि पत्राचार गरिसकेको जानकारी दिनुभयो । उहाँले जिल्लाका दुई विद्यालयबाहेक अन्य विद्यालयमा ऐनअनुरुप प्रधानाध्यापक कार्यरत नपाइएको बताउँदै एकाइले तत्काल ऐनअनुसार गर्न सूचित गरिसकेको जानकारी दिनुभयो ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गत साउन ७ गते एक सूचना जारी गर्दै पाँच वर्षभन्दा बढी सेवारत रहेका प्रधानाध्यापक कार्यरत विद्यालयमा पुनः नियुक्तिका लागि प्रक्रिया अघि बढाउन निर्देश गरेको थियो । केन्द्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट समेत कारबाही प्रक्रिया अघि बढाउनका लागि अनुरोध भएको भन्दै उक्त सूचना जारी गरेको थियो । पर्वतमा सूचना जारी भएको झण्डै तीन हप्ता बितिसक्दासम्म कुनै पनि विद्यालयले नयाँ प्रधानाध्यापक नियुक्तिका लागि प्रक्रिया अघि नबढाएको एकाइ प्रमुख चपाईले बताउनुभयो । एकाइले समेत उक्त सूचनालाई आधार मान्दै यही साउन ९ गते सूचना प्रकाशन गरेको थियो । अन्य जिल्लाका कतिपय स्थानीय तहहरूले प्रधानाध्यापक नियुक्तिका लागि छुट्टै कार्यविधि बनाएको पाइए पनि पर्वतमा तत्सम्बन्धी स्थानीय तहहरूले ऐन निर्माण गर्न सकेका छैनन् । कुश्मा नगरपालिकाका शिक्षा अधिकृत दीपक सुवेदीका अनुसार पालिकाले छुट्टै ऐन, कार्यविधि नबनाएको तर शिक्षा नियमावलीअन्तर्गत रहेर विद्यालयलाई नयाँ प्रधानाध्यापक नियुक्तिका लागि अनुरोधगरिएकोबताउनुभयो।शिक्षा नियमावलीअन्तर्गत माध्यमिक तह सञ्चालन रहेको विद्यालयमा शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण, निम्नमाध्यमिक तहमा कम्तीमा स्नातक तह र प्राथमिक तहमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको स्थायी शिक्षक मात्रै प्रधानाध्यापक हुने प्रावधान रहेको छ । तर पर्वतका कतिपय विद्यालयमा निमावि तहका शिक्षकले माध्यमिक तहको प्रधानाध्यापक भएर काम गरिरहेको समेत पाइएको छ ।

माध्यमिक तहको दरबन्दी र शैक्षिक योग्यता भएका शिक्षकहरू प्रधानाध्यापक नभई तल्लो तहका प्रधानाध्यापकले विद्यालय सञ्चालन गरेका पाइएपछि केन्द्रले यस्तो निर्देशन गरेको हो । पैयु गाउँपालिका-३ पालुस्थान मावि बेउलीबासका प्रधानाध्यापक पूर्णचन्द्र काफ्लेले आफूलाई त्यससम्बन्धी कुनै जानकारी नभएको बताउनुभयो ।

अठार वर्षदेखि लगातार एउटै विद्यालयमा प्रधानाध्यापक रहेका काफ्लेले शिक्षा ऐन र नियमावलीअनुसार भएमा आफू जिम्मेवारीमा नबस्ने बताउनुभयो । “मलाई कोही शिक्षक योग्यताअनुसार नभएपछि १८ वर्षअघि विद्यालय व्यवस्थापन समितिले जिम्मेवारी दिएको हो, मेरो स्थानमा योग्यताअनुसार मभन्दा माथिल्लो तहको कोही शिक्षक आउनुहुन्छ भने म उहाँको स्वागत गर्छु”, उहाँले भन्नुभयो ।

मोदी गाउँपालिका-२ देउपुरमा सञ्चालित जननेत्र माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विकास तिमिल्सिनाले पनि प्रधानाध्यापक भएर बस्न नै शिक्षकहरूनमान्ने जिकिर गर्नुभयो। “शिक्षा विकास समन्वय एकाइ र स्थानीय तहले प्रधानाध्यापक हेरफेर, नियुक्तिलगायतको जिम्मा जिम्मेवारी लिनुपर्छ”, उहाँले विद्यालय व्यवस्थापन समितिले उक्त कार्य गर्न नसक्ने बताउनुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्मः
वि.सं. १९९७/०४/१२ गते

स्व. मिना गुरुङ

स्वर्गारोहणः
वि.स. २०८२/०४/२९ गते

लमजुङ जिल्ला क्वहोला सोंथर गाउँपालिका वडा नं. ४ भुजुङ्ग गाउँ पुख्यौली घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ हिमाली मार्ग निवासी यस संस्थाका आजीवन सदस्य श्री मन कुमारी गुरुङकी ममतामयी माता **मिना गुरुङ**को ८५ वर्षको उमेरमा भएको असामयीक निधनले हामी सम्पूर्ण हिमाली टोलवासीहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं । परम्परादेखि चलिआएको आज उहाँको पितृ कार्य (अर्घौं) को पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तीको लागि भगवानसँग प्रर्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रनध्वज गुरुङ
अध्यक्ष एवं
हिमाली टोल विकास संस्था परिवार
हिमाली मार्ग, पोखरा-१३, कास्की

# डोको, थुन्से र ढाकर बेचेर परिवार पाल्नुहुन्छ परियार

पोखरापत्र संवाददाता
म्याग्दी, ३० साउन

बेनी नगरपालिका-९ तोरीपानीका ४९ वर्षीय शेरबहादुर परियारले बाँस र निगालोको चोया काडेर डोका, डाला थुन्से, ढाकर बनाउनुहुन्छ ।

बाँसका वस्तु बनाउन सिपालु कालीगढ उहाँले आफ्ना उत्पादन बेचेर मासिक रु १२ हजार आर्जन गर्दै आउनुभएको छ । आफ्नो पाँच सदस्यीय परिवारको भरणपोषण यही रकमबाट हुँदै आएको छ । उन्नाइस वर्षको उमेरदेखि बाँस र निगालाको चोयामा उहाँले सीप भर्न थाल्नुभएको हो । डोकाडाला बनाउने उहाँको जाँगर जवानको जस्तै छ । “अझै जवान छु जस्तो लाग्छ तर ५० वर्षको हुन लागेछु”, पसिनाले पोतिएको अनुहारमा मुस्कान ल्याउँदै उहाँले भन्नुभयो । विपन्न परिवारका परियारले काम नगरे साँझ बिहान हातमुख जोर्न हम्मेहम्मे पर्ने गरेको थियो अब त्यस्तो अवस्था नरहेको उहाँ गर्वका साथ सुनाउनुहुन्छ । “विगतमा बजारमा बेच्न जानुपर्थ्यो अहिले घरमै ग्राह आउँछन्,” उहाँले भन्नुभयो । परियारले डोको बुनेर नै छोराछोरीलाई पढाउनुभयो, बिहे गरिदिनुभयो । परियारले दैनिक पाँच वटासम्म डोका बुन्ने गर्नुभएको छ । एउटा डोको रु २५० देखि ३५० सम्ममा बिक्री हुने गरेको छ ।